**2024**

神奈川県
教育委員会

| | |
|---|---|
| 学校 | |
| 名前 | |

# ２０２４年度入学希望者用

## आर्थिक वर्ष 2024 विद्यालय भर्ना हुन चाहने व्यक्तिका लागि


神奈川県に住む日本語を母語としない方へのご案内

खानागावा प्रान्तमा रहनु हुने जापानी भाषा मातृभाषा नभएका महानुभावको लागि जानकारी

# 神奈川県の「公立高校入学のためのガイドブック」

日本語＋ネパール語翻訳版　　जापानी + नेपाली

# खानागावा प्रान्तको सार्वजानिक उच्च माध्यामिक विद्यालय भर्नाको लागि गाइडबुक


神奈川県
令和6年度神奈川県公立高等学校入学者選抜
募集案内

このガイドブックは、神奈川県教育委員会が発行する「令和６年度神奈川県公立高等学校入学者選抜　募集案内」の内容をもとに作成されています。

यस गाइडबुक, खानागावा प्रान्तीय शिक्षा समितिले जारी गर्ने " शैक्षिक सत्र 2024 खानागावा प्रान्तीय सार्वजनिक उच्च माध्यमिक विद्यालयमा भर्ना छनौट हुने भर्ती जानकारी"को विषयवस्तुमा आधारित रहेर सिर्जना गरिएको हो।

神奈川県の公立高校入学者選抜の多言語情報　https://hsguide.me-net.or.jp ☞

खानागावा प्रान्तको सार्वजनिक उच्च मा.विमा भर्ना हुने विद्यार्थी चयन सम्बन्धी बहुभाषामा जानकारी

高校進学ガイダンスの申し込み　https://hsguide.me-net.or.jp/reservations ☞

उच्च माध्यामिक विद्यालय प्रवेश गाइडान्सको लागि आवेदन

作成：神奈川県教育委員会＋認定ＮＰＯ法人多文化共生教育ネットワークかながわ（ME-net）

रचना: खानागावा प्रान्तीय शिक्षा परिषद् + मान्यता प्राप्त NPO संस्था, बहुसांस्कृतिक सह-जीवन शिक्षा नेटवर्क खानागावा (ME-net)

विषयसूची


**पृष्ठसङ्ख्या**

१ उच्च माध्यमिक विद्यालयको परीक्षा दिँदाको प्रवाह ····· 1
२ दर्खास्त योग्यता (उच्च मा.वि.को परीक्षा दिन पाउने व्यक्ति) ····· 2
(१) सामान्य भर्नाका लागि दरखास्त योग्यता
(२) विशेष भर्नाको लागि दरखास्त योग्यता
३ सार्वजनिक उच्च मा.वि.मा विद्यार्थी भर्ना छनौटको रूपरेखा ····· 3
४ निवेदन दिने बारेमा ····· 4
(१) निवेदन दिने प्रक्रिया र जाँचको समय तालिका
(२) निवेदन दिँदाको प्रवाह
(४) अन्तर्वार्ता सिट बारेमा
५ विदेशमा हुने विद्यालय शिक्षामा नौ वर्षको पाठ्यक्रम सम्पन्न गरेको व्यक्तिको प्रक्रिया ····· 7
६ प्रान्त निवासी विदेशी आदिको विशेष भर्ना र विदेशबाट फर्केका विद्यार्थी विशेष भर्ना सञ्चालन गर्ने विद्यालय ····· 8
७ खानागावा प्रान्त सार्वजनिक उच्च मा.वि.को भर्ना विद्यार्थी छनौट बारेमा ····· 10
(१) सामान्य भर्नाको लागि जाँच गर्नुपर्ने विषयवस्तु
(२) विशेष भर्नाको लागि जाँच गर्ने विषयवस्तु
(३) छनौट विधि (उत्तीर्ण व्यक्ति निर्धारण हुने विधि)
८ निर्धारित र सञ्चार प्रणाली विभाजित चयन【रातीको निर्धारित समय प्रणाली र सञ्चार प्रणालीमा सञ्चालित】····· 12
(१) प्रक्रिया एवम् जाँच तालिका
(२) जाँचको विषयवस्तु
(३) छनौट विधि (उत्तीर्ण व्यक्ति निर्धारण हुने विधि)
९ सार्वजनिक उच्च माध्यमिक विद्यालयको प्रवेश परीक्षा शुल्क वा भर्ना शुल्कको छुट वा माफी प्रणाली बारेमा ····· 14
१० पढाइ खर्च बारेमा ····· 14
११ उच्च माध्यमिक विद्यालय आदिको भर्ना टेवा रकम बारेमा ····· 15
१२ निजी उच्च माध्यमिक तहका विद्यालयहरूको अध्ययन खर्च टेवा प्रणालीहरू बारेमा ····· 16


यो गाइडबुक बारेको सोधपुछ ठेगाना


खानागावा केन क्योउइकु इइनखाइ, क्योउइकु क्योकु, कोउकोउ क्योउइकु खा न्युगाकुस्या सेन्बाचु तेइइन ग्रुप
(खानागावा प्रान्तीय शिक्षा परिषद्, शिक्षा विभाग, उच्च मा. वि. शिक्षा शाखा भर्ना छनोट कर्मचारी समूह)
TEL ०४५ - २१० - ८०८४
HP: https://www.pref.kanagawa.jp/docs/dc4/nyusen/nyusen/kanagawa.html
एन पि ओ होउजिन ताबुन्खा क्योसेइ क्योइकु नेटवर्क खानागावा (ME-net) कार्यालय
(NPO बहुसांस्कृतिक सह–जीवन शिक्षा नेटवर्क खानागावा)
TEL ०४५ - ८९६ – ००१५ (सोम, बुध र शुक्रबार 10:00～17:00) इमेल –:info @ me-net.or.jp
HP: https://me-net.or.jp/


गाइडबुक को अनुवाद संस्करण माथिका दुई होम पेज बाट डाउनलोड गर्न सकिन्छ।

# 1　उच्च माध्यमिक विद्यालयको परीक्षा दिँदाको प्रवाह

हरेक उच्च माध्यमिक विद्यालयले आयोजना गर्ने जानकारी सभाहरू वा “आफ्नो मातृभाषा जापानी भाषा नभएका व्यक्तिहरू निमित्तको उच्च माध्यमिक विद्यालय उच्च शिक्षा गाइडान्स” कार्यक्रममा सक्रिय रूपमा सहभागीता जनाउँनुहोस् !

| जापानको माध्यमिक विद्यालय दिक्षित भएको अथवा दिक्षित हुने योजना भएको व्यक्ति | प्रवासबाट विद्यालय शिक्षामा हुने नौ वर्षको पाठ्यक्रम सम्पन्न गरेको व्यक्ति |
|---|---|

⇩

**2023 साल सेप्टेम्बर देखि अक्टोबर**

“जापानी भाषा मातृभाषा नभएका व्यक्तिहरूको लागि उच्च माध्यमिक विद्यालय प्रवेश गाइडान्सँ” उच्च मा.वि.मा अध्ययन गर्न चाहेका तर, परीक्षा दिने विधिहरू थाहा नहुने व्यक्ति अवश्य पनि सहभागी हुनुहोला। प्रान्त भित्र बस्ने विदेशीहरूलाई विशेष भर्ना दिने उच्च मा.वि.को जानकारी सुन्न पाइन्छ। खानागावा प्रान्तीय शिक्षा परिषदमा सल्लाह गर्न पनि पाइन्छ। विस्तृतमा ☞पछाडिको आवरण पृष्ठ

※　खानागावा प्रान्तको सार्वजनिक उच्च माध्यमिक विद्यालयमा भर्ना हुने व्यक्ति चयन सम्बन्धी जानकारीलाई ME-net（मि -नेट）वेबसाइट मार्फत प्रदान गरिने छ। https://hsguide.me-net.or.jp

⇩

**2023 साल अक्टोबर**

सार्वजानिक उच्च माध्यमिक विद्यालयको भर्ना सिट सङ्ख्या खानागावा केन क्योइकु इइन खाइ (खानागावा प्रान्तीय शिक्षा परिषद्) को होमपेज वा पत्रपत्रिकाबाट घोषणा गरिनेछ।

⇩

**2023 साल डिसेम्बर देखि**

| माध्यामिक विद्यालयमा साक्षात्कार मिटिङ्ग आदि गरेर, उच्च माध्यमिक विद्यालय प्रवेश परीक्षाको पुष्टि गरिन्छ।“सामान्य भर्नामा हुने विशेष प्रवेश परीक्षाको विधि” माध्यमिक विद्यालय मार्फत आवेदन गरिन्छ।(☞पृष्ठ 13) | डिसेम्बर 2 तारिख शनिबारको ”प्रान्तीय शिक्षा परिषद्को वर्णन सभा” मा उपस्थित हुनुहोला।(☞पृष्ठ 7) “सामान्य भर्नामा हुने विशेष प्रवेश परीक्षाको विधि” वर्णन पनि गरिनेछ। (☞पृष्ठ 13) |
|---|---|

⇩

**2024 साल जनवरी साझा चयन (द्वितीय भर्ना माग बाहेक।) एवम् विशेष भर्ना माग（※1）समय तालिका आदि ☞पृष्ठ 3**

- **अन्लाइन अप्लाई सिस्टमबाट** दर्खास्त दिन चाहेको उच्च मा.वि.मा निवेदन दिने।
- दर्खास्त 1 पटक मात्र परिवर्तन गर्न मिल्नेछ।
- शैक्षिक क्षमता जाँच, खास जाँच, अन्तर्वार्ताहरू दिने।
- उत्तीर्ण व्यक्तिको घोषणा हुन्छ।

⇩

साझा चयन र विशेष भर्ना एवम् निजी उच्च माध्यमिक विद्यालय आदिमा पास भएको व्यक्तिले, निर्धारित समय प्रणाली र सञ्चार प्रणाली विभागको चयन र दोस्रो चोटिको भर्ना（※2）मा दरखास्त दिन मिल्दैन।

**2024 साल मार्चदेखि निर्धारित सञ्चार प्रणाली विभाजित चयन तालिका आदि ☞पृष्ठ 3**

- दर्खास्त दिने उच्च माध्यमिक विद्यालय (एउटा)मा भर्ना आवेदनपत्रको कागज पेस गर्ने। दर्खास्त 1 पटक मात्र परिवर्तन गर्न मिल्नेछ।
- शैक्षिक क्षमता जाँच, अन्तर्वार्ता जस्ता जाँच दिने।
- उत्तीर्ण व्यक्तिको घोषणा हुन्छ।

（※1）विशेष भर्ना: ‘प्रान्त निवासी विदेशी आदिका विशेष भर्ना’ (20 ओटा विद्यालयमा भर्ना),” विदेशबाट फर्केका विद्यार्थीका विशेष भर्ना’ (8 ओटा विद्यालयमा भर्ना) दरखास्त योग्यता（☞पृष्ठ 2）

（※2）दोस्रो चोटिको भर्ना, पूर्णकालीन, निर्धारित समय प्रणाली (राती बाहेक) भएका उच्च माध्यमिक विद्यालयको हकमा, साझा चयनबाट भर्ना सिट क्षमता नभरिएको उच्च माध्यमिक विद्यालयमा आवश्यकता हेरेर मार्चको प्रारम्भमा आयोजना गरिन्छ। निर्धारित र सञ्चार प्रणाली विभाजित चयन भन्दा भिन्दै समय तालिका अनुसार आयोजना गरिनाले, दुवै तर्फ दरखास्त गर्न सकिन्छ।

## 2　दर्खास्त योग्यता (उच्च मा.वि.को परीक्षा दिन पाउने व्यक्ति)

（1） सामान्य भर्नाका लागि दरखास्त योग्यता

| दरखास्त दिने उच्च माध्यमिक | दरखास्त योग्यता |
|---|---|
| पूर्णकालीनको सामान्य भर्ना | तलका ABC सबै भित्र पर्ने व्यक्ति<br>A 2009 साल अप्रिल 1 तारिख भन्दा पहिले जन्मिएका व्यक्ति<br>B माध्यमिक विद्यालय अथवा विदेशको विद्यालय शिक्षामा नवौं वर्षको पाठ्यक्रममा दीक्षित भएको व्यक्ति, अथवा, 2024 साल मार्च 31 तारिख सम्ममा दीक्षित हुने योजना भएको व्यक्ति<br>C मूल व्यक्ति र अभिभावक खानागावा प्रान्तमा बसोबास गरिरहेको, अथवा, 2024 साल अप्रिल 1 तारिख सम्ममा खानागावा प्रान्तमा सर्ने योजना भएको व्यक्ति |
| निर्धारित समय प्रणाली वा सञ्चार प्रणालीको सामान्य भर्ना | AB सहित, D भित्र पर्ने व्यक्ति<br>D खानागावा प्रान्तमा बसोबास गरिरहेका मानिस, अथवा, 2024 साल अप्रिल 1 तारिख सम्ममा खानागावा प्रान्तमा सर्ने योजना भएको मानिस (कार्यस्थल खानागावा प्रान्तमा भएपनि हुने) |

（2） विशेष भर्नाको लागि दरखास्त योग्यता

| | |
|---|---|
| प्रान्त निवासी विदेशी आदिको विशेष भर्ना<br>(भर्ना गर्ने उच्च माध्यमिक विद्यालय<br>पूर्णकालीन 16 ओटा<br>निर्धारित समय प्रणाली 4 ओटा<br>☞पृष्ठ 8) | ABC (निर्धारित समय प्रणालीको हकमा ABD) सहित, E र F भित्र पर्ने व्यक्ति<br>E देश प्रवेश पछिको बसोबास अवधि 2024 साल फेब्रुअरी 1 तारिखमा कुल 6 वर्ष भित्र पर्ने व्यक्ति (प्राथमिक विद्यालय प्रवेश अगाडिको बसोबास अवधि बाहेक)<br>F विदेशी नागरिकता भएको व्यक्ति, अथवा, जापानको नागरिकता लिएको 6 वर्ष भित्रको व्यक्ति (2024 साल फेब्रुअरी 1 तारिखमा) |
| विदेशबाट फर्केका विद्यार्थी विशेष भर्ना<br>(भर्ना गर्ने उच्च माध्यमिक विद्यालय<br>पूर्णकालीन 8 ओटा<br>☞पृष्ठ 9) | ABC सहित, G भित्र पर्ने व्यक्ति<br>G अभिभावकको जागिर आदिको कारणले गर्दा, लगातार 2 वर्ष भन्दा बढी विदेशमा बसोबास गरेर, स्वदेश फर्केको दिन 2021 साल अप्रिल 1 तारिख भन्दा पछि भएको व्यक्ति |

# 3 सार्वजनिक उच्च मा.वि.मा विद्यार्थी भर्ना छनौटको रूपरेखा

आर्थिक वर्ष 2024 खानागावा प्रान्तीय सार्वजनिक उच्च माध्यामिक विद्यालय नवप्रवेशी विद्यार्थी चयन तालिका

जनवरी / फेब्रुअरी

साझा चयन (द्वितीय भर्ना माग बाहेक।) एवम् विशेष भर्ना माग आयोजना समयावधि

| जनवरी | | | | | | | | फेब्रुअरी | | | | | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 24 | 25 | 26 | 27 | 28 | 29 | 30 | 31 | 1 | 2 | 3 | 4 | 5 | 6 | 7 | 8 | 9 | 10 | 11 | 12 | 13 | 14 | 15 | 16 | 17 | 18 | 19 | 20 | 21 | 22 |
| A | A | A | A | A | A | A | A | | | | | B | B | B | | | | | | | C | C | C | | | | D | | |

मार्च

निर्धारित र सञ्चार प्रणाली विभाजित चयन आयोजना समयावधि

| | | | | | | | मार्च | | | | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 23 | 24 | 25 | 26 | 27 | 28 | 29 | 1 | 2 | 3 | 4 | 5 | 6 | 7 | 8 | 9 | 10 | 11 | 12 | 13 | 14 | 15 | 16 | 17 | 18 | 19 | 20 | 21 |
| | | | | | E | | | | | | A | A | B | | | | | | | C | C | | | | | | E |

☆विशेष भर्ना माग हुँदाको दर्खास्त योग्यता पुष्टि अवधि: सन् 2024 जनवरी 4 तारिख (बिही)देखि जनवरी 16 तारिख (मङ्गल) सम्म

**A**: आवेदन कागजात पेस **B**: दरखास्त परिवर्तन समयावधि **C**: जाँच हुने दिन (शैक्षिक क्षमता जाँच या अन्तर्वार्ता) **D**: अतिरिक्त जाँच **E**: उत्तीर्ण घोषणा

| चयनको प्रकार | पाठ्यक्रम | पूर्णकालीन, निर्धारित समय I (※1) | निर्धारित समय II (※1) | सञ्चार प्रणाली |
|---|---|---|---|---|
| **साझा चयन (द्वितीय भर्ना माग बाहेक।) एवम् विशेष भर्ना माग** | भर्ना | भर्ना लिइने व्यक्ति, भर्ना सिट क्षमताको 100 % हुनेछन्। | भर्ना लिइने व्यक्ति, भर्ना सिट क्षमताको 80% हुनेछन्। | |
| | दरखास्त | अन्लाइन अप्लाई सिस्टमबाट कुनै एउटा पाठ्यक्रम / सङ्काय / कोर्स (समूह) मा दर्खास्त दिने।<br>दरखास्त परिवर्तन 1 चोटि मात्र गर्न सकिने। ☞पृष्ठ 4 | | |
| | जाँच | शैक्षिक क्षमता जाँच<br>खास जाँच, अन्तर्वार्ता, लिखित जाँच गराउने उच्च मा.वि. पनि छन्☞पृष्ठ 10 | | निबन्ध लेखन |
| | छनोट | साधारण भर्ना ☞ पृष्ठ 11 को छनोट विधि हेर्नुहोला।<br>विशेष भर्ना ☞ सर्वेक्षण पत्रलाई प्रयोग नगरि छनोट गरिन्छ। (※2) | | सर्वेक्षण पत्र र आयोजना गरिएको जाँचको नतिजालाई आधार बनाएर समग्र रूपले छनोट गरिन्छ। |
| **निर्धारित र सञ्चार प्रणाली विभाजित चयन** | भर्ना | आयोजना गरिँदैन। | भर्ना लिइने व्यक्ति, भर्ना सिट क्षमताको 20% हुनेछन्।<br>तथापि, साझा चयनबाट सिट क्षमता नभरिएको उच्च माध्यमिक विद्यालयको हकमा, नपुगेको व्यक्ति सङ्ख्यालाई भर्ना लिइने व्यक्तिमा थप गरिन्छ। | |
| | दरखास्त | | एउटा प्रणाली, पाठ्यक्रम वा कोर्स आदिमा दरखास्त गर्ने।<br>दरखास्तमा आवेदनपत्र र अन्तर्वार्ता सिट आदि पेस गर्ने। ☞पृष्ठ 12<br>दरखास्त परिवर्तन 1 चोटि मात्र गर्न सकिने।☞पृष्ठ 12 | |
| | जाँच | | शैक्षिक क्षमता जाँच ☞पृष्ठ 12<br>विशिष्टता जाँच गर्ने उच्च माध्यमिक विद्यालय पनि छन्। | निबन्ध लेखन ☞पृष्ठ 12 |
| | छनोट | | ☞पृष्ठ 12 को छनोट विधि हेर्नुहोला। | सर्वेक्षण पत्र र आयोजना गरिएको जाँचको नतिजालाई आधार बनाएर समग्र रूपले छनोट गरिन्छ। |

(※1) निर्धारित समय प्रणाली I ・・・ राती बाहेकको निर्धारित समय प्रणाली उच्च माध्यमिक विद्यालय

(प्रान्तीय योकोहामा आकिरातोमो उच्च माध्यमिक विद्यालय, प्रान्तीय खावासाकी उच्च माध्यमिक विद्यालय, प्रान्तीय आचुगी सेइनान उच्चमाध्यमिक विद्यालय, प्रान्तीय सागामी कोयोखान उच्च माध्यमिक विद्यालय, योकोहामा नगर योकोहामा सोगो (समग्र) उच्च माध्यमिक विद्यालय, कावासाकी नगर खावासाकी उच्च माध्यमिक विद्यालय)

निर्धारित समय प्रणाली II ・・・ निर्धारित समय प्रणाली I बाहेक रातीको निर्धारित समय प्रणाली उच्च माध्यमिक विद्यालय

(※2) प्रान्तीय योकोहामा क्योकुर्योउ उच्च मा. वि. का प्रान्त निवासी विदेशी नागरिकहरूको विशेष भर्नाहरूमा सर्वेक्षण पत्रलाई प्रयोग गरिनेछ।

# 4 निवेदन दिने बारेमा

（1） निवेदन दिने प्रक्रिया र जाँचको समय तालिका

| जाँच र प्रक्रिया | दिन समय | स्थान |
|---|---|---|
| विशेष भर्ना माग हुँदाको दर्खास्त योग्यता पुष्टि अवधि: | जनवरी 4 तारिख (बिही)～16 तारिख (मङ्गल) | दरखास्त दिने उच्च माध्यमिक विद्यालय आदि |
| निवेदन दिने अवधि | जनवरी 24 तारिख (बुध)～31 तारिख (बुध) अन्लाइन अप्लाई सिस्टमबाट निवेदन<br>(निवेदन दिने विधि सम्बन्धमा, आगामी दिनमा प्रान्तीय शिक्षा परिषदबाट घोषणा हुनेछ।) | |
| दरखास्त परिवर्तन समयसीमा | फेब्रुअरी 5 तारिख (सोम)～ 7 तारिख (बुध) अन्लाइन अप्लाई सिस्टमबाट दर्खास्त परिवर्तन | |
| जाँच हुने दिन | शैक्षिक क्षमता जाँच : फेब्रुअरी 14 तारिख (बुध)<br>अन्तर्वार्ता र विशेष क्षमता जाँच आदि : फेब्रुअरी 14 तारिख (बुध), फेब्रुअरी 15 तारिख (बिही) र 16 तारिख (शुक्र)<br>अतिरिक्त जाँच（※）: फेब्रुअरी 20 तारिख (मङ्गल) | दरखास्त दिने उच्च माध्यमिक विद्यालय आदि |
| उत्तीर्ण घोषणा<br>उत्तीर्ण प्रमाणपत्र प्राप्त गर्ने | फेब्रुअरी 28 तारिख (बुध) (अन्लाइन अप्लाई सिस्टमबाट सूचना घोषणा हुनेछ।)<br>दर्खास्त दिएको उच्च मा.विले तोकेको समयमा उत्तीर्ण भएको कागजात लिने। | दरखास्त दिने उच्च माध्यमिक विद्यालय |

(※) इन्फ्लुएन्जा लागेको आदि टार्न नमिल्ने परिस्थितिले जाँच दिन नपाउने व्यक्ति प्रति अतिरिक्त जाँचको व्यवस्था हुनेछ। तथापि, सञ्चार प्रणालीको उच्च माध्यमिक विद्यालयमा अतिरिक्त जाँच सञ्चालन गरिने छैन।

★ दरखास्त परिवर्तन बारेमा

दर्खास्त परिवर्तन गर्न मिल्ने अवधिभरमा, एक पटक मात्र, अन्लाइन अप्लाई सिस्टमबाट दर्खास्त दिने उच्च मा.वि. परिवर्तन गर्न मिल्नेछ।

（2） निवेदन दिँदाको प्रवाह

सामान्य भर्ना

| | |
|---|---|
| साझा चयन<br>(द्वितीय भर्ना माग बाहेक।) | ① अन्लाइन अप्लाई सिस्टमबाट निवेदन<br>② अन्लाइन अप्लाई सिस्टमबाट परीक्षा शुल्क चुक्ता<br>गत आर्थिक वर्षमा पूर्णकालीन 2,200 येन<br>निर्धारित समय प्रणाली 950 येन<br>(तथापि, योकोहामा नगरको निर्धारित समय प्रणालीको हकमा 650 येन)<br>सञ्चार प्रणाली 0 येन<br>③ सर्वेक्षण पत्र आदि (माध्यमिक विद्यालयद्वारा पेस) (※)<br>(※) विदेशबाट विद्यालय शिक्षामा हुने नौं वर्षको पाठ्यक्रम सम्पन्न गरेको व्यक्ति या, 18 वर्ष वा सो (2024 साल अप्रिल 1 तारिखमा) भन्दा बढी उमेर भएको व्यक्तिले पेस गर्नु पर्दैन।<br>④ अन्य कागजात पेस (इन्टरभ्यू सीट आदि। दरखास्त दिएको उच्च मा.विले तोक्ने छ।) |

| | |
|---|---|
| प्रान्त निवासी विदेशी आदिको विशेष भर्ना | ①②③④ सहित<br>⑤ विदेशी नागरिकता भएको, अथवा, जापानको नागरिकता प्राप्त गरेको 6 वर्ष भित्र भएको प्रमाणित हुने कागजात (※)<br>⑥ जापान प्रवेश गरेको कुल 6 वर्ष भित्रै भएको कुराको प्रमाण हुने कागजात (पासपोर्ट आदि)लाई दर्खास्त दिएको उच्च मा.वि.मा प्रस्तुत गर्ने। (※)<br>(※) ⑤⑥का प्रक्रियाहरू, जनवरी 4 तारिख (बिही) देखि 16 तारिख (मङ्गल)सम्ममा पुरा गरिसक्नु होस्। |
| विदेशबाट फर्केका विद्यार्थी विशेष भर्ना | ①②③④ सहित<br>⑦ संरक्षकको काम आदिको कारणले गर्दा लगातार 2 वर्ष वा सो भन्दा बढी विदेशमा बसेर, जापान फिर्ती भएको मिति सन् 2021 अप्रिल 1 तारिख भन्दा पछि हो भनी प्रमाणित हुने कागजात (संरक्षक र मूल व्यक्ति स्वयंको पासपोर्ट अथवा काम गर्ने कम्पनीको प्रमाणपत्र आदि)लाई दर्खास्त दिने उच्च मा.वि.मा प्रस्तुत गर्ने। (※)<br>(※) ⑦का प्रक्रियाहरू, जनवरी 4 तारिख (बिही) देखि 16 तारिख (मङ्गल)सम्ममा पुरा गरिसक्नु होस्। |

☞ विदेशमा 9 वर्षको पाठ्यक्रम सम्पन्न गरेको व्यक्तिले, P.7को "विदेशको विद्यालय शिक्षामा हुने 9 वर्षको पाठ्यक्रम सम्पन्न गरेको व्यक्तिको प्रक्रिया" हेर्नुहोस्। .

○ दर्खास्त दिन मिल्ने भनेको एउटा उच्च मा. वि. र एउटा पाठ्यक्रम मात्र हो।

○ उही विद्यालयमा 2 वा सो भन्दा बढी समूह (बिहानी समूह, दिवा समूह आदि) भएको निर्धारित समय प्रणाली उच्च माध्यमिक विद्यालयको हकमा, अन्य समूहमा दोस्रो प्राथमिकता स्वरूप दर्खास्त दिन सकिने छ। साथै, कृषि, कारखाना, व्यापार एवम् जल उद्योग सम्बन्धित सङ्काय मध्येबाट, 2 वा सो भन्दा बढी विषय भएको उच्च मा.वि.मा चाहिँ, अन्य विषयमा दोस्रो प्राथमिकता स्वरूप दर्खास्त दिन सकिने छ। तथापि, दोस्रो प्राथमिकता भने, पहिलो प्राथमिकताको कोटा सङ्ख्या पुगेन भने मात्र छनौटको दायरामा पर्नेछ।

○ प्रान्तीय योकोहामा कोकुसाइ उच्च माध्यमिक विद्यालयमा, इन्टरनेशनल स्टडिस (इन्टरनेशनल ब्याकालोरेट कोर्स बाहेक।) एवम् इन्टरनेशनल स्टडिस इन्टरनेशनल ब्याकालोरेट कोर्सको हकमा, उही उच्च मा.वि.को दोस्रो प्राथमिकता स्वरूप पनि दर्खास्त दिन सकिने छ।

## （3）अन्तर्वार्ता सिट बारेमा

दर्खास्त दिएको उच्च मा.वि.ले इन्टरभ्यू सीट पेस गर्न माग गरेको खण्डमा, परीक्षार्थी स्वयंको सोचलाई आफैंले लेखेर, दर्खास्त दिने उच्च मा.वि.मा पेस गर्ने। जापानी भाषामा नै लेख्नु पर्ने। अन्तर्वार्ता हुँदाको सन्दर्भ सामाग्रीमा लेखिएको विषयवस्तु मूल्याङ्कन गरिने छैन। दर्खास्त परिवर्तन गर्नुपर्दा, दर्खास्त परिवर्तन गरेको उच्च मा.वि.ले इन्टरभ्यू सीट पेस गर्न भनेको अवस्थामा नयाँ इन्टरभ्यू सीट बनाएर, दर्खास्त परिवर्तन गर्ने उच्च मा.वि.मा पेस गर्ने। इन्टरभ्यू सीटको फोटोकपी पेस गरेपनि फरक पर्दैन। इन्टरभ्यू सीटको सट्टामा विद्यालयले तोकेको कागज पेस गर्न माग गरिने हुनसक्छ।

第 14 号様式

**面　接　シ　ー　ト**

| ※受　検<br>番　号 | |
|---|---|

| | | | |
|---|---|---|---|
| 志願者<br>氏　名 | ﾌﾘｶﾞﾅ | 中学校名 | 立　　　　　中学校 |
| 志願先 | （県・市）立　　　　　高等学校　　　　　科　　　　　コース<br>部 | | |

◎　面接の質問内容の参考とするため、次のことについて記入してください。
◎　このシートは面接の際の参考資料で、直接に選考資料にはしません。

1　なぜこの学校に入学したいのですか。

"1 किन यो विद्यालयमा भर्ना हुन चाहनु हुन्छ?" मा, तपाइंले दर्खास्त दिने उच्च मा.वि.मा विद्यालय भर्ना हुन चाहेको कारण, सकेसम्म ठोस रूपमा उल्लेख गर्नुहोस्।

2　教科等の学習活動や教科等以外の活動に対して、これまでに意欲的に取り組んだことや高校で意欲的に取り組みたいこと、また、自分自身のよいところなどを書いてください。

"2 विषयहरूको अध्ययन क्रियाकलाप वा अतिरिक्त क्रियाकलाप प्रति, अहिलेसम्म उत्सुकतापूर्वक लागि परेको कुराहरू के के छन् वा उच्च मा.वि.मा कुन कुरामा उत्सुकतापूर्वक काम गर्न चाहेको हो, अथवा, आफ्नो राम्रो पक्ष के के छन् लेख्नुहोस्।" मा, अध्ययन या खेलकुद, संस्कृति, स्वयंसेवी क्रियाकलाप जस्ता, अहिलेसम्म मन दिएर लागि परेको कुरा वा, उच्च मा.वि.मा भर्ना भएपछि गर्न चाहेको कुरा, आफ्नो राम्रो पक्षहरू, सकेसम्म ठोस रूपमा उल्लेख गर्नुहोस्।　विद्यालय भित्रको क्रियाकलाप मात्र नभएर विद्यालय बाहिरको क्रियाकलाप या उच्च मा.वि.मा सिकेको कुरा उपयोग गरेर उच्च मा.वि. पास भएपछि चुनौती मोल्न चाहेको कुरा लेख्नु भए फरक पर्दैन।
शीर्षकहरू जतिवटा लेखेपनि फरक पर्दैन।
अहिलेसम्म लागि परेको विषय वा आउँदा दिनमा लागि पर्न चाहेको विषय बारे आफ्नो मनखुसी लेखेर, आफू यस्तो मान्छे हो भनी चिनाउनु होस्।

उल्लेख गर्ने बेलामा निम्न कुरामा ध्यान पुर्याउनुहोला
1　※ भएको स्तम्भमा नलेख्ने।
2　बक्स भित्र कुनै चिन्ह नलगाउने। सिसाकलमले लेखेपनि हुने। फोटो आदि टाँस्न नहुने।

【記入上の注意】1　※の欄は記入しないこと。
2　枠内に自筆で記入すること。鉛筆書きも可。写真等は貼り付けないこと。

## 5 विदेशमा हुने विद्यालय शिक्षामा नौ वर्षको पाठ्यक्रम सम्पन्न गरेको व्यक्तिको प्रक्रिया

दर्खास्त योग्यताको अनुमोदन प्राप्त गर्न प्रक्रिया (दर्खास्त योग्यता अनुमोदन आवेदन) गर्नु आवश्यक हुन्छ। यसपछिको जानकारी सभामा सहभागी हुनुहोस्।

शिक्षा परिषद् द्वारा प्रायोजित वर्णन सभा (दोभासे उपलब्ध हुने)

डिसेम्बर 2 तारिख शनिबारको १४:०० बजे देखि योकोहामा–सि निसि–कोउखाइदोउ मा

योकोहामा-सि निसि–ओखानो १–६–४१

(योकोहामा स्टेशन पश्चिम द्वारबाट पैदल १० मिनेट जति) नक्सा ☞ P.9

↑ नक्शा डिस्प्ले हुन्छ।

※ यो वर्णन सभामा, दरखास्त दिने योग्यता अनुमोदन निमित्तको आवेदन स्वीकार गरिने छ। आवेदन दिने महानुभावले तलको 1 नम्बरदेखि 3 नम्बरसम्मको आवश्यक कागजात लिएर आउनुहोला।
अन्य आवश्यक कागजात जानकारी सभामा प्रदान गरिनेछ।

★ हाल खानागावा प्रान्तको सार्वजनिक माध्यमिक विद्यालयमा नामाङ्कित भएको व्यक्तिले, सहभागि हुन नमिल्ने।

※ नवीनतम जानकारीको लागि ME-netको वेबसाइट हेर्नुहोला। (https://hsguide.me-net.or.jp)

○ प्रक्रियाको विधि

【अभिभावक सँगसँगै प्रान्त भित्र बसोबास गरिरहेको व्यक्ति (पूर्णकालीनको दरखास्त योग्यता भएको व्यक्ति)】
डिसेम्बर 2 तारिखको (शनि) वर्णन सभा अथवा डिसेम्बर 4 तारिख (सोम) देखि जनवरी 16 तारिख (मङ्गल) सम्ममा प्रान्तको शिक्षा परिषद् (कोउकोउ क्योउइकु खा) बाट," दरखास्त दिने योग्यता अनुमोदन निमित्तको आवेदनें दिनुहोला।

〈आवश्यक कागजात〉

① प्रान्त भित्र मूल व्यक्ति र अभिभावक बसोबास गरिरहेको, अथवा बसोबास गर्ने योजना भएको सूचित गर्ने कागजात (मूल व्यक्ति र अभिभावकको ठेगाना एवम् सम्बन्ध बुझिने, बसोबास प्रमाणपत्र आदि)

② विदेशमा हुने विद्यालय शिक्षामा हुने नौ वर्षको पाठ्यक्रम सम्पन्न गरेको कुरा सूचित गर्ने कागजात
(विदेशी माध्यमिक विद्यालय पास भएको सर्टिफिकेट ओरिजिनल हेरेर पुष्टि गरिनेछ।)

③ दरखास्त दिने योग्यता अनुमोदन निमित्तको आवेदनपत्र (15 नं. फारम)
(③ को फारम प्रान्तीय शिक्षा परिषद्को वेबसाइटबाट डाउनलोड गर्न सकिन्छ।)

साझा चयन (द्वितीय भर्ना माग बाहेक।) मा, खानागावा प्रान्त सार्वजनिक उच्च माध्यमिक विद्यालयको दर्खास्त योग्यता अनुमोदन भयो भने, अन्लाइन अप्लाई सिस्टमबाट निवेदन दिन सकिन्छ। विशेष भर्ना मागको सन्दर्भमा P.5को प्रक्रिया पनि चलाउनु पर्ने हुन्छ।
साझा चयन (द्वितीय भर्ना माग) एवम् निर्धारित समय / सञ्चार प्रणाली वर्गीकृत चयनको लागि, "दर्खास्त योग्यता अनुमोदन पत्र"लाई प्रान्तीय शिक्षा परिषदबाट प्राप्त गरी, दर्खास्त दिने उच्च माध्यमिक विद्यालयमा, विद्यालय भर्ना आवेदनपत्र सँगै अनुमोदन पत्र पेस गर्ने।

【अभिभावक प्रान्त भित्र बसोबास नगरिरहेको व्यक्ति (निर्धारित समय प्रणाली वा सञ्चार प्रणालीको दरखास्त योग्यता मात्र भएको व्यक्ति※)】
दर्खास्त दिने उच्च माध्यमिक विद्यालयको काउण्टरमा, निर्धारित समय प्रणाली / सञ्चार प्रणालीको दर्खास्त योग्यता अनुमोदन आवेदन (ढाँचा फाराम नं. **18**) दिने।
माथि उल्लिखित <आवश्यक कागजात> ①②लाई उच्च माध्यमिक विद्यालयमा प्रस्तुत गर्ने। (ठेगाना प्रमाणित हुने कागजात, मूल व्यक्तिको मात्र भए पुग्छ।)
※ निर्धारित समय प्रणाली / सञ्चार प्रणालीको लागि, मूल व्यक्ति स्वयं प्रान्त भित्र बसोबास गर्ने, अथवा, प्रान्त बाहिर बसोबास गर्ने भएपनि प्रान्त भित्र काम गर्ने ठाउँ छ भने, दर्खास्त दिन पाइन्छ।

【सोधपुछ जानकारी】

・केन् क्योउइकु इइन्खाइ कोउकोउ क्योउइकु खा न्युगाकुस्या सेम्बाचु तेइइन ग्रुप
टेलिफोन 045 - 210 - 8084 [प्रत्यक्ष लाइन जापानी भाषामा]

## 6 प्रान्त निवासी विदेशी आदिको विशेष भर्ना र विदेशबाट फर्केका विद्यार्थी विशेष भर्ना सञ्चालन गर्ने विद्यालय

(प्रान्त निवासी विदेशी आदिको विशेष भर्ना सञ्चालन गर्ने उच्च माध्यमिक विद्यालय)　पूर्णकालीन 16 ओटा, निर्धारित समय प्रणाली 4 ओटा

| विद्यालयको नाम | प्रणाली | पाठ्यक्रम | अवस्थित ठाउँ | अघिल्लो आर्थिक वर्ष भर्ना निर्धारित |
|---|---|---|---|---|
| प्रान्तीय चुरुमी सोउगोउ (समग्र) उच्च मा. वि. | पूर्णकालीन | क्रेडिट सिस्टम<br>समग्र पाठ्यक्रम | योकोहामा नगर चुरुमी कु | 20 |
| प्रान्तीय योकोहामा सेइर्योउ उच्च मा. वि | पूर्णकालीन | क्रेडिट सिस्टम<br>सामान्य पाठ्यक्रम | योकोहामा नगर मिनमि कु | 13 |
| प्रान्तीय योकोहामा क्योकुर्योउ उच्च मा.वि | पूर्णकालीन | क्रेडिट सिस्टम<br>सामान्य पाठ्यक्रम | योकोहामा नगर आसाहि कु | 7 |
| प्रान्तीय सिनएइ उच्च मा.वि | पूर्णकालीन | सामान्य पाठ्यक्रम | योकोहामा नगर चुजुकि कु | 7 |
| प्रान्तीय खावासाकि उच्च मा. वि | पूर्णकालीन | क्रेडिट सिस्टम<br>सामान्य पाठ्यक्रम | खावासाकि नगर खावासाकि कु | 12 |
| प्रान्तीय दाइसि उच्च मा. वि | पूर्णकालीन | क्रेडिट सिस्टम<br>सामान्य पाठ्यक्रम | खावासाकि नगर खावासाकि कु | 10 |
| प्रान्तीय हासिमोतो उच्च मा. वि. | पूर्णकालीन | सामान्य पाठ्यक्रम | सागामीहारा नगर मिदोरी कु | 10 |
| प्रान्तीय सागामीहारा याएइ उच्च मा. वि. | पूर्णकालीन | क्रेडिट सिस्टम<br>सामान्य पाठ्यक्रम | सागामीहारा नगर च्युओ कु | 10 |
| प्रान्तीय ताकाहामा उच्च मा.वि | पूर्णकालीन | सामान्य पाठ्यक्रम | हिराचुका नगर | 7 |
| प्रान्तीय फुजिसावा सोउगोउ उच्च मा.वि | पूर्णकालीन | क्रेडिट सिस्टम<br>समग्र पाठ्यक्रम | फुजिसावा नगर | 7 |
| प्रान्तीय यामातो मिनामि उच्च मा. वि | पूर्णकालीन | सामान्य पाठ्यक्रम | यामातो नगर | 10 |
| प्रान्तीय इसेहारा उच्च मा. वि | पूर्णकालीन | सामान्य पाठ्यक्रम | इसेहारा नगर | 10 |
| प्रान्तीय जामा सोउगोउ (समग्र) उच्च मा. वि. | पूर्णकालीन | क्रेडिट सिस्टम<br>समग्र पाठ्यक्रम | जामा नगर | 10 |
| प्रान्तीय आइकावा उच्च मा. वि. | पूर्णकालीन | सामान्य पाठ्यक्रम | आइको जिल्ला आइकावा शहर | 10 |
| प्रान्तीय योकोहामा मेइहोउ उच्च मा.वि | निर्धारित समय | क्रेडिट सिस्टम<br>सामान्य पाठ्यक्रम | योकोहामा नगर कोउनान कु | बिहानी समूह 7<br>दिवा समूह 7 |
| प्रान्तीय सागामी कोयोखान उच्च मा. वि. | निर्धारित समय | क्रेडिट सिस्टम<br>सामान्य पाठ्यक्रम | जामा नगर | बिहानी समूह 10<br>दिवा समूह 10 |
| योकोहामा नगर स्थापित मिनातो सोउगोउ (समग्र) उच्च मा. वि | पूर्णकालीन | क्रेडिट सिस्टम<br>समग्र पाठ्यक्रम | योकोहामा नगर नाका कु | 6 |
| योकोहामा नगर स्थापित योकोहामा स्योग्यो (वाणिज्य) उच्च मा. वि. | पूर्णकालीन | अन्तर्राष्ट्रिय पाठ्यक्रम | योकोहामा नगर मिनामी कु | 4 |
| योकोहामा नगर स्थापित योकोहामा सोउगोउ उच्च मा. वि | निर्धारित समय | क्रेडिट सिस्टम<br>समग्र पाठ्यक्रम | योकोहामा नगर मिनामी कु | 10 |
| खावासाकि नगर स्थापित खावासाकि उच्च मा. वि | निर्धारित समय | सामान्य पाठ्यक्रम<br>दिवाकालीन सङ्काय | खावासाकि नगर खावासाकि कु | 8 |

※　आर्थिक वर्ष 2024 सालको भर्ना सिट क्षमता, अक्टोबरको अन्तमा खानागावा प्रान्तीय शिक्षा परिषद्को वेबसाइट या पत्रपत्रिका आदिद्वारा घोषणा गरिनेछ।

(विदेशबाट फर्केका विद्यार्थी विशेष भर्ना सञ्चालन गर्ने उच्च माध्यमिक विद्यालय) पूर्णकालीन 8 ओटा

| विद्यालयको नाम | प्रणाली | पाठ्यक्रम/कोर्ष | अवस्थित ठाउँ | अघिल्लो आर्थिक वर्ष भर्ना निर्धारित व्यक्ति※ |
|---|---|---|---|---|
| प्रान्तीय खानागावा सोगो (समग्र) उच्च मा. वि. | पूर्णकालीन | क्रेडिट सिस्टम सामान्य पाठ्यक्रम अन्तर्राष्ट्रिय संस्कृति कोर्स | योकोहामा नगर खानागावा कु | 10 |
| प्रान्तीय योकोहामा अन्तर्राष्ट्रिय उच्च मा. वि. | पूर्णकालीन | क्रेडिट सिस्टम अन्तर्राष्ट्रिय | योकोहामा नगर मिनामी कु | 20 |
| | | क्रेडिट सिस्टम अन्तर्राष्ट्रिय पाठ्यक्रम अन्तर्राष्ट्रिय ब्याकलोरेट कोर्ष | | 5 |
| प्रान्तीय सिन्ज्यो उच्च मा. वि. | पूर्णकालीन | सामान्य पाठ्यक्रम | खावासाकी नगर नाकाहारा कु | 10 |
| प्रान्तीय सागामीहारा याएइ उच्च मा. वि. | पूर्णकालीन | क्रेडिट सिस्टम सामान्य पाठ्यक्रम | सागामीहारा नगर च्युओ कु | 5 |
| प्रान्तीय सेइस्योउ उच्च मा. वि | पूर्णकालीन | सामान्य पाठ्यक्रम | ओदावारा नगर | 10 |
| प्रान्तीय चुरुमीने उच्च मा. वि. | पूर्णकालीन | सामान्य पाठ्यक्रम | चिगासाकी नगर | 15 |
| प्रान्तीय इसिदा उच्च मा. वि | पूर्णकालीन | सामान्य पाठ्यक्रम | इसेहारा नगर | 10 |
| योकोहामा नगर स्थापित हिगासी उच्च मा. वि. | पूर्णकालीन | क्रेडिट सिस्टम सामान्य पाठ्यक्रम | योकोहामा नगर चुरुमी कु | 10 |

※ आर्थिक वर्ष 2024 सालको भर्ना सिट क्षमता, अक्टोबरको अन्तमा खानागावा प्रान्तीय शिक्षा परिषद्को वेबसाइट या पत्रपत्रिका आदिद्वारा घोषणा गरिनेछ।


## शिक्षा परिषद् द्वारा प्रायोजित वर्णन सभा (दोभासे उपलब्ध हुने)

डिसेम्बर 2 तारिख शनिबारको १४:०० बजे देखि योकोहामा-सि निसि-कोउखाइदोउ मा

योकोहामा-सि निसि-ओखानो १-६-४१

(योकोहामा स्टेशन पश्चिम द्वारबाट पैदल १० मिनेट जति)

にしこうかいどう
NISHI KOKAIDO




↑ नक्शा डिस्प्ले हुन्छ।

## 7　खानागावा प्रान्त सार्वजनिक उच्च मा. वि. को भर्ना विद्यार्थी छनौट बारेमा

（1）सामान्य भर्नाको लागि जाँच गर्नुपर्ने विषयवस्तु

| | |
|---|---|
| पूर्णकालीन | • शैक्षिक क्षमता जाँच (अङ्ग्रेजी, राष्ट्रिय भाषा (जापानी), गणित, विज्ञान, सामाजिक गरी 5 विषय)<br>तथापि, " क्रियटिभ स्कुल (※)मा भने, शैक्षिक क्षमता जाँच गरिने छैन।<br>• खास जाँच (अन्तर्वार्ता, व्यवहारिक जाँच, व्यक्तिगत अभिव्यक्ति जाँच) लिने विद्यालय पनि छन्।<br>खास जाँच लिने विद्यालयले, शैक्षिक क्षमता जाँचको 3 विषय वटा विषय मात्र लिने हुनसक्छ। |
| निर्धारित समय णाली | • "शैक्षिक क्षमता जाँच" हुन्छ। ( अङ्ग्रेजी भाषा, राष्ट्र भाषा, गणित गरि 3 विषय)<br>• खास जाँच (अन्तर्वार्ता, व्यवहारिक जाँच, व्यक्तिगत अभिव्यक्ति जाँच) लिने विद्यालय पनि छन्। |
| सञ्चार प्रणाली | •" निबन्ध लेखन" हुन्छ। |

(※) "क्रिएटिभ स्कुल" (प्रान्तीय ताना उच्च माध्यमिक विद्यालय, प्रान्तीय कामारिया उच्च माध्यमिक विद्यालय, प्रान्तीय योकोसुका दक्षिण उच्च माध्यमिक विद्यालय (सामान्य पाठ्यक्रम)、प्रान्तीय ओओइ उच्च माध्यमिक विद्यालय, प्रान्तीय यामातो हिगासि उच्च माध्यमिक विद्यालय गरी 5 विद्यालय)

（2）विशेष भर्नाको लागि जाँच गर्ने विषयवस्तु

| | |
|---|---|
| प्रान्त निवासी विदेशी आदि विशेष भर्ना | पूर्णकालीन 16 ओटा र निर्धारित समय प्रणाली 4 ओटा (☞पृष्ठ 8)<br>• "शैक्षिक क्षमता जाँच" हुन्छ। (अङ्ग्रेजी भाषा, राष्ट्र भाषा, गणित गरि 3 विषय)<br>शैक्षिक क्षमता जाँच, रुबी (खान्जी माथि हिरागाना) भएको जापानी भाषामा प्रश्न गरिन्छ।<br>• "अन्तर्वार्ता" हुन्छ। |
| विदेशबाट फर्केका विद्यार्थी विशेष भर्ना | पूर्णकालीन 8 विद्यालय (☞पृष्ठ 9)<br>• "शैक्षिक क्षमता जाँच" हुन्छ। ( अङ्ग्रेजी भाषा, राष्ट्र भाषा, गणित गरि 3 विषय)<br>• "निबन्ध लेखन" हुन्छ।<br>• "अन्तर्वार्ता" हुन्छ।<br>•खास जाँच (प्रान्त स्थापित योकोहामा अन्तर्राष्ट्रिय उच्च माध्यमिक विद्यालयको अन्तर्राष्ट्रिय पाठ्यक्रम अन्तर्राष्ट्रिय ब्याकलोरेट कोर्षमा मात्र।) |

【नोट】

- 「भर्ना गाइड」 (जापानी भाषाको पुस्तिका प्रान्तीय शिक्षा परिषद् द्वारा जारी प्रान्त भित्रको सार्वजनिक माध्यमिक विद्यालय तेस्रो ग्रेडकालाई जुलाइमा वितरण गरिने) मा प्रत्येक उच्च माध्यमिक विद्यालयको" शैक्षिक क्षमता जाँच" को विषय सङ्ख्या या 「विशिष्टता जाँच」 को विषयवस्तु लेखिएको छ।
- साझा चयन या निजी उच्च माध्यमिक विद्यालय आदि उत्तीर्ण व्यक्तिले, निर्धारित र सञ्चार प्रणाली विभाजित चयन (☞पृष्ठ 12) को लागि दरखास्त दिन मिल्दैन।
  ※ विद्यालय भर्ना फिर्ता लिएपनि दरखास्त दिन मिल्दैन।
- हरेक विषयमा 50 मिनेटको शैक्षिक क्षमता जाँच हुन्छ। सामान्य भर्ना अन्तर्गतको विशेष प्रवेश परीक्षा विधिको चाह राख्ने भए, प्रक्रिया अपनाउन आवश्यक पर्छ। (☞पृष्ठ 13)
- पूर्णकालीन र निर्धारित समय प्रणालीको शैक्षिक क्षमता जाँचको प्रश्न फरक हुन्छ।

## （3） छनौट विधि (उत्तीर्ण व्यक्ति निर्धारण हुने विधि)

① छनोटको सामग्री

| A माध्यमिक विद्यालयको परिणाम (सर्वेक्षण पत्रको मूल्याङ्कन) | B शैक्षिक क्षमता जाँचको कुल प्राप्ताङ्क |
|---|---|
| माध्यमिक विद्यालय 2 वर्षको 5 चरण मूल्याङ्कनको कुल (पूर्णाङ्क 45)<br>+<br>माध्यमिक विद्यालय 3 वर्षको 5 चरण मूल्याङ्कनको कुलको दुई गुणा<br>(90 पूर्णाङ्क) (※1) (※2) | शैक्षिक क्षमता जाँचको कुल प्राप्ताङ्क<br>(प्रत्येक विषय पूर्णाङ्क 100) (※1) |

विशिष्टता जाँच हुने विद्यालय

| D विशिष्टता जाँचको प्राप्ताङ्क |
|---|
| विशिष्टता जाँचको प्राप्ताङ्क |

(※1) प्रत्येक विद्यालयको अनुपात या, कुनै एक विषयलाई प्राथमिकता दिने विद्यालयको नाम, 'भर्ना गाइडं' आदिमा प्रकाशित गरिनेछ।

(※2) द्वितीय छनौटमा रेटिङ् हुँदैन, यसमा सर्वेक्षण पत्रको हरेक विषयमा तेस्रो वर्ष पढ्दा "सक्रियतापूर्वक अध्ययनमा पहल गर्ने मनोवृत्ति" अनुसार मूल्याङ्कन हुन्छ र छनौटको सामाग्री बन्नेछ

AB (विशिष्टता जाँच हुने विद्यालयमा D समेत) को प्राप्ताङ्क प्रत्येकलाई पूर्णाङ्क 100 मा रूपान्तरण

⇩

| A माध्यमिक विद्यालयको निष्पादन →a (पूर्णाङ्क 100) | B शैक्षिक क्षमता जाँचको कुल प्राप्ताङ्क→b (पूर्णाङ्क 100) | D विशिष्टता जाँचको प्राप्ताङ्क →d (पूर्णाङ्क 100) |
|---|---|---|

⇩

कुल सङ्ख्यात्मक मान $S = a \times f + b \times g \ (+d \times i)$

(**f, g, i** ले अनुपात जनाउँछ।)

अनुपात ( **f : g : i** )को उदाहरण

(उदाहरण 1) माध्यमिक विद्यालयमा गरेको पर्फमेन्सलाई विशेष महत्त्व, खास जाँच नलिने (8:2:0)

(उदाहरण 2) शैक्षिक क्षमता जाँचलाई विशेष महत्त्व, खास जाँच नलिने (3:7:0)

(उदाहरण 3) शैक्षिक क्षमता जाँच र खास जाँचलाई विशेष महत्त्व (3:7:4)

अनुपात (**f**) भनेको, माध्यमिक विद्यालयको पर्फमेन्सको अनुपात
अनुपात (**g**) भनेको, शैक्षिक क्षमता जाँचको अनुपात
अनुपात (**i**) भनेको, खास जाँचको प्राप्ताङ्कको अनुपात
लाई प्रस्तत गर्दछ।

## ② उत्तीर्ण हुने व्यक्ति निर्णय गर्ने तरिका

जाँच समाप्त भएपछि, हरेक विद्यालयमा पहिलो छनौट, द्वितीय छनौटको क्रममा उत्तीर्ण व्यक्ति निर्धारण हुनेछ।

| | |
|---|---|
| पहिलो प्रारम्भिक छनोट | कुल प्राप्ताङ्क **S** उच्च भएको क्रममा सिट क्षमताको 90% सम्म छनोट गरिन्छ। |
| दोस्रो प्रारम्भिक छनोट | सर्वेक्षण पत्रको रेटिङ् **a प्रयोग नगरी**, **b** (खास जाँच भएको विद्यालयमा **d सम्मिलित हुने**।) र सर्वेक्षण पत्रको हरेक विषयमा तेस्रो वर्ष पढ्दाको "सक्रियतापूर्वक अध्ययनमा पहल गर्दाको मनोवृत्ति"को मूल्याङ्कन सम्बन्धमा, मूल्याङ्कन **A**=3, **B**=2, **C**=1 हिसाब गरी, त्यसको कुल अङ्क (**C**)लाई 100 पूर्णाङ्क स्वरूप हिसाब गरेको **c** को आधारमा, हरेक विद्यालयमा निर्धारित अनुपात (**g**, **h**, खास जाँच हुने विद्यालयमा **i**) मा आधारित रही कुल अङ्क **S लाई पुनः हिसाब गरी**, भर्ना गर्ने विद्यार्थी छनौट गरिनेछ। |

※ प्रान्तीय योकोहामा कोकुसाइ उच्च माध्यमिक विद्यालय, प्रान्तीय योकोहामा मेइहोउ उच्च मा.वि, प्रान्तीय सागामी कोउयोउ-खान उच्च माध्यमिक विद्यालय एवम् "क्रियटिभ स्कुल" सम्बन्धमा, छनौट विधि फरक पर्ने भएकोले, "भर्ना माग जानकारी" आदिबाट नै निश्चय गर्नुहोस्।

※ सञ्चार प्रणालीको हकमा, सर्वेक्षण पत्र र, आयोजना गरेको जाँचको नतिजाबाट समग्र कुरा हेरेर छनोट गरिन्छ।

※ पूर्णकालीन, निर्धारित समय प्रणाली, सञ्चार प्रणालीको पाठ्यक्रम सबैको चयन बारेमा, माध्यमिक विद्यालयको मूल्याङ्कन नभएको आदि, कागजपत्रको एकभाग तयारी नभएको परीक्षार्थीलाई पनि सोचविचार गरेर छनोट गरिन्छ।

## 8 निर्धारित र सञ्चार प्रणाली विभाजित चयन 【रातीको निर्धारित समय प्रणाली र सञ्चार प्रणालीमा सञ्चालित】

※ साझा चयन या निजी उच्च माध्यमिक विद्यालय आदिमा उत्तीर्ण व्यक्तिले, दरखास्त दिन मिल्दैन।

### (1) प्रक्रिया एवम् जाँच तालिका

| जाँच र प्रक्रिया | दिन समय | स्थान |
|---|---|---|
| निवेदनको कागजात पेस | 〈निर्धारित समय प्रणाली〉 मार्च 5 तारिख (मङ्गल) 14:00 देखि 19:00<br>मार्च 6 तारिख (बुध) 14:00 देखि 16:00<br>〈सञ्चार प्रणाली〉 मार्च 5 तारिख (मङ्गल) 9:00 देखि 12:00, 13:00 देखि 17:00<br>मार्च 6 तारिख (बुध) 9:00 देखि 12:00, 13:00 देखि 16:00 | दरखास्त दिने उच्च माध्यमिक विद्यालय |
| दरखास्त परिवर्तन समयावधि | 〈निर्धारित समय प्रणाली〉 मार्च 7 तारिख (बिही) 9:00 देखि 12:00, 13:00 देखि 16:00<br>〈सञ्चार प्रणाली〉 मार्च 7 तारिख (बिही) 9:00 देखि 12:00, 13:00 देखि 16:00 | तल★ हेर्नुहोला |
| जाँच हुने दिन | शैक्षिक क्षमता जाँचः मार्च 14 तारिख (बिही)<br>खास जाँच (अन्तर्वार्ता आदि): मार्च 14 तारिख (बिही) 15 तारिख (शुक्र)<br>※माथि लेखिएको समयावधि भित्र, प्रवेशपत्रमा लेखिएको दिन | दरखास्त दिने उच्च माध्यमिक विद्यालय |
| उत्तीर्ण घोषणा<br>उत्तीर्ण प्रमाणपत्रको प्राप्ति | 〈निर्धारित समय प्रणाली〉 मार्च 21 तारिख (बिही) 15:00 देखि 18:00<br>〈सञ्चार प्रणाली〉 मार्च 21 तारिख (बिही) 10:00 देखि 12:00, 13:00 देखि 15:00 | दरखास्त दिने उच्च माध्यमिक विद्यालय |

★ दरखास्त परिवर्तन बारेमा

- 1 पटक मात्रै, दरखास्त दिने उच्च माध्यमिक विद्यालय परिवर्तन गर्न सकिन्छ।
- दरखास्त परिवर्तनका लागि, तलका 2 ओटा प्रक्रिया आवश्यक हुन्छ।

① पहिलो पटक दर्खास्त दिने उच्च माध्यमिक विद्यालयमा गएर प्रक्रिया गरी, कागजात लिने। (नयाँ आवेदनपत्र बनाउनु पर्ने हुनसक्छ। काउन्टरमा गएर बुझ्नुहोला।)

② ①मा प्राप्त गरेको कागजात, नयाँ दरखास्त दिने उच्च माध्यमिक विद्यालयमा गएर पेस गर्नुपर्छ। खास जाँच (अन्तर्वार्ता) लिने विद्यालय तर्फ दर्खास्त परिवर्तन गर्ने हो भने, इन्टरभ्यू सीटहरू पनि पेस गर्ने।

### (2) जाँचको विषयवस्तु

| | |
|---|---|
| निर्धारित समय प्रणाली | • "शैक्षिक क्षमता जाँचं हुन्छ। (अङ्ग्रेजी भाषा, राष्ट्र भाषा, गणित लगायत हरेक विषयको लागि 30 मिनेट)<br>• खास जाँच (अन्तर्वार्ता, व्यवहारिक जाँच, व्यक्तिगत अभिव्यक्ति जाँच) लिने विद्यालय पनि छन्। |
| सञ्चार प्रणाली | •" निबन्ध लेखनं हुन्छ। |

### (3) छनौट विधि (उत्तीर्ण व्यक्ति निर्धारण हुने विधि)

- निर्धारित समय प्रणालीमा, सर्वेक्षण पत्रको रेटिङ् (2 / 3 वर्ष) एवम् लिएको जाँचको नतिजाको आधारमा निर्धारित अङ्क हिसाब विधिबाट छनौट गरिनेछ
- सञ्चार प्रणालीको हकमा, सर्वेक्षण पत्र र आयोजना गरेको जाँचको नतिजाबाट, समग्र रूपले छनोट गरिन्छ।

〈साधारण भर्ना ("साझा चयन" एवम् "निर्धारित समय / सञ्चार प्रणाली वर्गीकृत चयन")मा हुने विशेष परीक्षा दिने विधि सम्बन्धमा〉

【आवेदन गर्न सक्ने व्यक्ति】

・सैद्धान्तिक रूपमा विदेशबाट बसाइँ आएको 6 वर्ष भित्रको (सन् 2024 फेब्रुअरी 1 तारिखमा) व्यक्तिले विशेष परीक्षा दिने विधिमा आवेदन दिन सक्छ। साधारण भर्ना लिने सबै सार्वजनिक उच्च मा.वि.मा आवेदन दिन सकिन्छ।

【आवेदन विधि】

・ "विदेशबाट बसाइँ सरि आएको व्यक्ति आदिलाई, अभिभावक मानेर, दरखास्त दिने व्यक्तिको, परीक्षा विधि आदिको, लागि आवेदनपत्र" (5 नं. फारम) पेस गर्नुपर्छ। साझा चयनको लागि पनि निर्धारित र सञ्चार प्रणाली विभाजित चयनको लागि पनि क्रमशः आवेदन दिन आवश्यक हुन्छ।

・माध्यमिक विद्यालय मार्फत आवेदन पत्र पेस गर्ने भएकोले चाँडै क्लास टिचरसँग सल्लाह गर्नुहोस्।

・माध्यमिक विद्यालयमा नामाङ्कित नभएको व्यक्तिले, इच्छा लागेको उच्च माध्यमिक विद्यालयमा सोधपुछ गर्नुहोला।

【आवेदन गर्न सकिने विशेष परीक्षा दिने विधि (उदाहरण)】

・ शैक्षिक क्षमता जाँच प्रश्न आदिको वाक्यहरूमा रुबी (खान्जीसँग हिरागाना) सङ्लग्न गर्ने
・ शैक्षिक क्षमता जाँच आदिको समयावधिको विस्तार (अधिकतम 1.5 गुणा)
・ खास जाँच (अन्तर्वार्ता)हरूको समयमा, बुझ्न सजिलो हुने गरी बिस्तारै बोल्नु पर्छ।

・दोभाषे सँगै राख्ने र शब्दकोष बोक्ने गर्न मिल्दैन।

・प्रान्त भित्र बस्ने विदेशीहरूको विशेष भर्ना एवम् विदेशबाट फर्केका विद्यार्थीको विशेष भर्नामा भने, माथि उल्लिखित विशेष परीक्षा दिने विधिको लागि आवेदन दिन मिल्दैन।

・त्यस बाहेक, परीक्षामा विशेष विचार पुर्‍याइदिनु पर्ने आवश्यकता भएका व्यक्तिले प्रान्तीय शिक्षा परिषद् मा परामर्श गर्नुहोला।

【सोधपुछ ठेगाना】*Ken Kyoiku Iinkai, Koko Kyoiku Kikaku-ka, Nyugakusha Senbatsu Teiin-group*
(प्रान्तीय शिक्षा परिषद्, उच्च मा. वि. शिक्षा शाखा, भर्ना छनोट कर्मचारी समूह)
टेलिफोन 045 - 210 - 8084 (प्रत्यक्ष लाइन, जापानी भाषामा)

## 9 सार्वजनिक उच्च माध्यमिक विद्यालयको प्रवेश परीक्षा शुल्क वा भर्ना शुल्कको छुट वा माफी प्रणाली बारेमा

○ प्रवेश परीक्षा शुल्क र भर्ना शुल्कको छुट वा माफी प्रणाली भन्नाले
आर्थिक कारणले प्रवेश परीक्षा शुल्क वा भर्ना शुल्क (भर्ना रकम) को भुक्तानी गर्न अप्ठ्यारो परेको व्यक्तिलाई लक्षित गर्दै, प्रवेश परीक्षा शुल्क वा भर्ना शुल्कको पुरै भाग अथवा आंशिक भाग माफी दिने प्रणाली हो।

○ निवेदन विधि・・・दरखास्त दिने उच्च माध्यमिक विद्यालयको कार्यकक्षमा परामर्श गर्नुहोला।
माफीको निवेदन प्रक्रियाको समयसीमा,
परीक्षा शुल्क : निवेदन दिने प्रक्रिया गर्नु अगाडि सम्ममा
भर्ना शुल्क : विद्यालय भर्ना प्रक्रिया गर्ने दिनको अघिल्लो दिन सम्म (उत्तीर्ण घोषणा पछि, केही दिन भित्र)
(समयसीमा नाघेको अवस्थामा, माफी पाइने छैन।)

【सोधपुछ ठेगाना】
・दरखास्त दिने उच्च माध्यमिक विद्यालयको कार्यकक्ष, अथवा
प्रान्तीय शिक्षा परिषद्, वित्त शाखा, वित्तिय निर्देशन समूह 045 - 210 - 8113 (प्रत्यक्ष लाइन जापानी भाषामा)

## 10 पढाइ खर्च बारेमा

उच्च माध्यमिक विद्यालयमा अध्ययन गर्नको लागि पढाइ खर्च (शिक्षा खर्च) आवश्यक हुन्छ। साथै, भर्ना शुल्क पनि आवश्यक हुन्छ।

पूर्णकालीनको पाठ्यक्रम

| | |
|---|---|
| भर्ना शुल्क | 5, 650 येन |
| वार्षिक कक्षा शुल्क | 118, 800 येन |
| उच्च माध्यमिक विद्यालय भर्ना टेवा राशिबाट भुक्तानी प्राप्त गरेको बेला☞पृष्ठ 15 | 0 येन |

निर्धारित समय प्रणालीको पाठ्यक्रम
( ) भित्रको योकोहामा नगरको लागि

| | |
|---|---|
| भर्ना शुल्क | 2, 100 येन (1, 200 येन) |
| वार्षिक कक्षा शुल्क | 32, 400 येन |
| उच्च माध्यमिक विद्यालय भर्ना टेवा राशिबाट भुक्तानी प्राप्त गरेको बेला☞पृष्ठ 15 | 0 येन |

(यहाँ वर्णन गरिएको पढाइ खर्च 2023 साल मे 1 तारिखको हो। रकम संशोधन पनि हुन सक्ने भएकाले, अग्रिम पुष्टि गर्नुहोला।)

1 वर्षको अवधिमा आवश्यक पर्ने लगभग खर्च, निम्न अनुसार छ।
(तथापि, उच्च माध्यमिक विद्यालय भर्ना टेवा राशिको भुक्तानी प्राप्त गरेको अवस्थाको राशि)
(जानकारीको लागि)
सार्वजनिक उच्च माध्यमिक विद्यालय (पूर्णकालीनको पाठ्यक्रम) लगभग 200, 000 येन (प्रथम वर्ष)
सार्वजनिक उच्च माध्यमिक विद्यालय (निर्धारित समय प्रणालीको पाठ्यक्रम) लगभग 40, 000 येन (प्रथम वर्ष)
निजी उच्च माध्यमिक विद्यालय (पूर्णकालीनको पाठ्यक्रम) लगभग 900, 000 येन देखि माथि (प्रथम वर्ष)

माथि उल्लिखित मध्येमा उत्तीर्ण गरेपछि विद्यालय भर्ना प्रक्रिया गर्दाको समय (मार्च)मा, एकमुष्ठ खर्च लाग्छ। पूर्णकालीन प्रणाली सामान्य पाठ्यक्रम हो भने, करिब 1 लाख 40 हजार येन (पाठ्यपुस्तक खर्च, अन्य स्टेशनरी शुल्क, पोसाक / व्यायाम पोसाक / व्यायाम जुत्ता / ट्याबलेट टर्मिनलहरूको खरिद रकम आदि) लाग्छ। विशिष्टिकृत कोर्सको लागि त्यसमाथि प्रशिक्षण लागत पनि लाग्न सक्छ। साथै, स्कुल आवतजावत खर्च (यातायात खर्च), अतिरिक्त क्रियाकलाप खर्च, स्टेशनरी खर्च, शारीरिक शिक्षा कक्षाको लागि जुडो पोशाक शुल्क तथा पौडी पोशाक शुल्क, शैक्षिक भ्रमण शुल्कका लागि आरक्षित रकम आदिको खर्च लाग्ने पनि हुनसक्छ। विस्तृतमा सम्बन्धित विद्यालयमा नै सोधपुछ गर्नुहोस्। निजी उच्च माध्यमिक विद्यालयमा लाग्ने खर्च विद्यालय पिच्छे फरक पर्छ। विद्यालय जानकारी सभाहरूमा अग्रिम रूपमा निश्चय गर्नुहोला।
त्यस बाहेक, "खानागावा प्रान्तीय उच्च माध्यमिक विद्यालय छात्रवृत्ति रकम" आदि आर्थिक रूपमा असबल विद्यार्थीलाई लक्षित छात्रवृत्ति रकमको प्रणाली पनि रहेको छ। छात्रवृत्ति रकम भनेको, अध्ययन खर्चको सहायता आवश्यक पर्ने विद्यार्थीलाई छात्रवृत्ति रकम सापटी दिइने प्रणाली भएकोले ब्याज लाग्दैन तर भविष्यमा फिर्ता गर्नुपर्ने आवश्यकता रहन्छ। हरेक विद्यालयले जुलाई महिनादेखि भर्ना आह्वान गर्नेछ।
त्यस बाहेक, "खानागावा प्रान्तीय उच्च माध्यमिक विद्यालय छात्रवृत्ति रकम" आदि आर्थिक रूपमा असबल विद्यार्थीलाई लक्षित छात्रवृत्ति रकमको प्रणाली पनि रहेको छ। छात्रवृत्ति रकम भनेको, अध्ययन खर्चको सहायता आवश्यक पर्ने विद्यार्थीलाई छात्रवृत्ति रकम सापटी दिइने प्रणाली भएकोले ब्याज लाग्दैन तर भविष्यमा फिर्ता गर्नुपर्ने आवश्यकता रहन्छ।

# 11 उच्च माध्यमिक विद्यालय आदिको भर्ना टेवा रकम बारेमा

घरबारको स्थितिको परवाह बिना नै, इच्छा भएका उच्च माध्यमिक विद्यालयमा अध्ययन गर्ने सबै विद्यार्थीले निर्धक्क सँग अध्ययनमा लागिपर्ने समाज सिर्जना गर्नका लागि, विद्यार्थीलाई, अध्यापन शुल्क भरण गर्नुपर्ने "उच्च माध्यमिक विद्यालय आदिका भर्ना टेवा रकम" भुक्तानी गरि, घरबारको शैक्षिक खर्चको बोझ हलुका गर्ने प्रणाली हो।

समग्र समाजको वहनद्वारा, अध्ययनमा टेवा पुगेको कुरा बुझेर, भविष्यमा, समाजको नेतृत्व वाहक भएर व्यापक सक्रियता जनाउने छ भन्ने अपेक्षा गरिएको छ। **(* यो ऋणको छात्रवृत्ति नभएकोले, चुक्ता गर्न नपर्ने हुन्छ।)**

सार्वजनिक उच्च माध्यमिक विद्यालयको हकमा, विदयालय भर्ना टेवा राशि प्राप्त गर्ने योग्यता प्राप्त गरेमा, कक्षा शुल्क भुक्तानी गर्नु नपर्ने हुन्छ।

**यो प्रणाली प्रयोग गर्नको लागि, प्रक्रियाको आवश्यक हुन्छ। भर्ना हुने विद्यालयद्वारा विस्तृत वर्णन गरेर, आवश्यक कागजात हस्तान्तरण गरिन्छ।**

◎अनुवादित सामाग्री पनि भएकोले, आवश्यक पर्ने महानुभावले भर्ना हुने उच्च मा. वि. मा परामर्श गर्नुहोस्।

<भुक्तानी दिँदाका शर्त>

○ संरक्षक (अभिभावकको अधिकार प्राप्त व्यक्ति। आमाबुबा भएमा दुवैजना)को आय सम्बन्धमा, तलको सुत्र अनुसार हिसाब निकालेको राशि, 3 लाख 4 हजार 2 सय येन भन्दा कम भएका परिवारका व्यक्ति (लगभग वार्षिक आय 91 लाख येन वा सो भन्दा कम भएका)

【सुत्र】(स्थानीयवासी करको) कर लागेको मानक राशि ×6% − (स्थानीयवासी करको) समायोजित कटौती राशि

○ जीवनयापन संरक्षण प्राप्त गरिरहेको घरपरिवारको व्यक्ति

<आवेदन विधि>

भर्ना हुन जाने उच्च मा.वि.बाट अन्लाइन आवेदन निमित्तको लगइन ID तथा पासवर्ड वितरण हुने भएकोले "उच्च माध्यमिक तहको विद्यालय आदिको भर्ना टेवा रकम अन्लाइन आवेदन सिस्टम"मा लगइन गरेर आवेदन दिनुहोस्। (**भर्ना प्रक्रिया गर्दाको समयमा उच्च मा.वि.बाट वितरण हुन्छ**।) ※ आवेदन दिँदा संरक्षकहरूको माइनम्बर आवश्यक पर्छ।

लिखित कागज मार्फत आवेदन दिन पनि मिल्छ। लिखित कागज मार्फत आवेदन दिन चाहने व्यक्तिले उच्च मा.वि.को कार्यकक्षमा सोधपुछ गर्नुहोला।

पुनश्चः लिखित कागज मार्फत आवेदन दिने भए निम्न कागजात आवश्यक पर्नेछ।

**संरक्षक (अभिभावकको अधिकार प्राप्त व्यक्ति) सबैको माइनम्बर कार्ड आदिको प्रतिलिपिहरू** (माइनम्बर कार्ड / व्यक्तिगत नम्बर उल्लेखित बसोबास पत्र (ज्यूमिन्-ह्योउ)को प्रतिलिपि, व्यक्तिगत नम्बर उल्लेखित बसोबास विवरण तथ्य उल्लेखित प्रमाणपत्र (ज्युमिन्-ह्योउ किसाइ जिकोउ स्योउमेइ-स्यो) आदि)

<आवेदन काल>

सिद्धान्ततः भर्ना हुने समयमा 1 पटक (पेस गर्ने समयसीमा सम्बन्धमा, भर्ना भएको उच्च माध्यमिक विद्यालयले सूचित गर्ने छ।)

※ आवेदन विधि अनुसार हरेक वर्षको जुलाई महिनामा प्रक्रिया अपनाउनु पर्ने आवश्यकता हुन सक्छ।

【उच्च माध्यमिक विद्यालय आदिको भर्ना टेवा रकम बारेमा सोधपुछ ठेगाना】

・दरखास्त दिने उच्च माध्यमिक विद्यालयको कार्यकक्ष
・प्रान्तीय शिक्षा परिषद्, वित्त शाखा, वित्तिय निर्देशन समूह 045 − 210 - 8113 (प्रत्यक्ष लाइन जापानी भाषामा)

## 12 निजी उच्च माध्यमिक तहका विद्यालयहरूको अध्ययन खर्च टेवा प्रणालीहरू बारेमा

खानागावा प्रान्तको हकमा, निजी उच्च माध्यमिक तहका विद्यालयहरूमा अध्ययनरत विद्यार्थीका संरक्षकहरूको आर्थिक भार हलुका होस् भन्नका लागि, भर्ना रकम / अध्ययन शुल्क फिर्ता गर्नु नपर्ने गरी अनुदान प्रदान गर्ने गरेका छौँ। विस्तृत विवरणको लागि सम्बन्धित निजी उच्च माध्यमिक तहका विद्यालयहरूमा सोधपुछ गर्नुहोला।

(उदाहरण) वार्षिक आय करिब 70 लाख येन भन्दा कम भएका घरपरिवार या जीवनयापन संरक्षण प्राप्त गरिरहेका घरपरिवारको हकमा, अध्ययन शुल्क अनुदान राशि 456,000 येन
वार्षिक आय करिब 75 लाख येन भन्दा कम भएका घरपरिवारको हकमा, अध्ययन शुल्क अनुदान राशि 193,200 येन
वार्षिक आय करिब 80 लाख येन भन्दा कम भएर धेरै बच्चा भएका घरपरिवार (※1) को हकमा, अनुदान राशि 456,000 येन
वार्षिक आय करिब 91 लाख येन भन्दा कम भएका घरपरिवारको हकमा, अध्ययन शुल्कको अनुदान राशि 118,800 येन
वार्षिक आय करिब 91 लाख येन भन्दा कम भएर धेरै बच्चा भएका घरपरिवारको हकमा, अनुदान राशि 193,200 येन

- माथिको उदाहरण, खानागावा प्रान्त भित्र बसोबास गर्ने र प्रान्त भित्रकै निजी उच्च माध्यमिक तहका विद्यालयहरूमा अध्ययनरत व्यक्तिको अध्ययन शुल्क अनुदान राशि रहेको छ।
- अनुदान राशि, संरक्षक (अभिभावकको अधिकार प्राप्त व्यक्ति। आमाबुबा भएमा दुवैजना) को "आयमा आधारित मानक राशि" बाट निर्धारण गरिन्छ। विस्तृतमा, "भर्ना खुला सम्बन्धी जानकारी" हेर्नुहोला।

(※１) धेरै बच्चा भएका घरपरिवार…15 वर्ष वा सो भन्दा माथि र 23 वर्ष भन्दा कम उमेरका पालनपोषण गरिरहेको बच्चा (माध्यमिक तहको विद्यार्थी बाहेक) 3 जना भन्दा बढी भएको घरपरिवार
(※２) दायरामा पर्ने विद्यालयको लागि वेबसाइट हेर्नुहोस्।

https://www.pref.kanagawa.jp/docs/v3e/jyosei/gakuhisien/index.html

【निजी उच्च माध्यमिक तहका विद्यालयहरूको अध्ययन खर्च टेवा प्रणालीहरू बारेमा सोधपुछ गर्ने ठाउँ】
- केन् फुकुसि कोदोमो मिराइ-बु सिगाकु सिन्कोउ-खा ज्योसेइ ग्रुप
  TEL (045)210-3793 [डाइरेक्ट लाइन / जापानी भाषामा सेवा प्रदान]